नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोन नं. ०२९५६०१३३
०२९५६०१३४
फ्याक्स नं. ०२९५६०२५३३
sankhuwasabhadao82@gmail.com

प.सं. ०८२/८३
च.नं. ५६९

मितिः २०८२/०६/०७

## चाडपर्वको अवसरमा जिल्लावासी एवं सम्बद्ध निकायहरूमा अनुरोध

नेपालीहरूको महानचाड वडा दशैं, शुभदीपावली, छठको अवसरमा समस्त संखुवासभा जिल्लावासी आमाबुवा, दाजुभाई, दिदीबहिनी सबैमा जिल्ला प्रशासन कार्यालय, संखुवासभाको तर्फबाट सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं उत्तरउत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौ ।

चाडपर्व हाम्रा मौलिक संस्कृति, परम्परा, आपसी सद्भाव र एकता झल्काउने धरोहर हुन् । सबै नागरिकबीच आपसी सहयोग, सम्मान र सामाजिक अनुशासन पालनाले नै ती धरोहरको जगेर्ना गर्दै समाजलाई अझ गतिशील, सभ्य र ऐक्यवद्ध बनाउन सकिने विश्वास छ। यस सन्दर्भमा सम्पूर्ण जिल्लावासी तथा सम्वद्ध निकायहरूमा देहायबमोजिम गर्न/गराउनुहुन हार्दिक अनुरोध गरिन्छ ।

१. आतिसबाजी, पटाका, भुइचम्पा, वा यस्तै अन्य कुनै विस्फोटक तथा आगलागी हुने पदार्थको खरिद, विक्री, ढुवानी र प्रयोग नगर्ने/नगराउने ।

२. अत्यावश्यक वस्तुमा कृत्रिम अभाव सृजना गर्ने, कालोबजारी, मुल्यवृद्धि, म्याद नाघेका वस्तु विक्री, सञ्चय वितरण गर्ने लगायतका उपभोक्ता हित विपरितका कार्यहरु नगर्ने/नगराउने।

३. सवारी साधनमा क्षमता भन्दा बढी यात्रु नबोक्ने, मादक पदार्थ सेवन गरी सवारी नचलाउने, तोकिएको भाडादरभन्दा बढी भाडा नलिने, ट्राफिक नियम पालना गर्ने/गराउने, यात्रुहरुलाई कुनै सहयोग आवश्यक परे वा गुनासो भएमा नजिकैको यात्रु सहायता कक्ष वा ९८५२०९०१८१ मा सम्पर्क गर्नुहुन।

४. चाडपर्वको वहानामा धार्मिक, जातीय वा सामाजिक सद्भावमा खलल् पुर्याउने कुनैपनि गतिविधि साथै मनोरञ्जनको नाममा गैरकानूनी रुपमा चिठ्ठा, जुवातास, सट्टावाजी जस्ता कानूनले निषेध गरेका क्रियाकलाप नगर्ने/नगराउने ।

५. सार्वजनिक स्थलमा भीडभाड, होहल्ला र हुलदंगा नगरी सभ्य र मर्यादित ढंगले चाडपर्व मनाउने।

६. चाडपर्वको समयमा आपूर्ति, स्वास्थ्य तथा अन्य आपतकालीन सेवा सूचारु गर्ने, यसका लागि जिल्लामा उपलव्ध जनशक्ति र स्रोत साधन (एम्बुलेन्स, स्वास्थ्यकर्मी, स्काभेटर, सवारी साधन, क्रेन, चालक, इन्धन आदि) सम्वद्ध निकायले तयारी अवस्थामा राख्ने।

७. मनसुनका कारण बिग्रे भत्केका सडक सम्वद्ध निकायले मर्मत गरी चालु अवस्थामा ल्याउने, यात्रा गर्दा सुरक्षा सर्तकता अवलम्बन गर्ने।

८. देउसी, भैलो लगायतका कार्यक्रमहरु सञ्चालन गर्दा मर्यादित, अनुशासित एवं व्यवस्थित ढंगले बेलुकी अधिकतम ९:०० बजे सम्म मात्र सञ्चालन गर्ने/गराउने।

९. यदि कोही कसैले उपरोक्त विपरितका कार्य गरे/गराएमा नजिकैको सुरक्षा निकाय वा प्रहरी इकाई वा फोन नं. १०० वा ९८५२०९९६०६ मा जानकारी गराउनुहुन अनुरोध छ। यस विपरित भएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सूचित गराइन्छ ।

२०८२/०६/०६
सिर्जना थपलिया
प्रमुख जिल्ला अधिकारी